“ समृद्ध खाँदबारी नगर ”
खाँदबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खाँदबारी, सङ्खुवासभा
१ नं. प्रदेश, नेपाल

प.सं.: २०७९/०८०
च.नं.:

**सेवा करार सम्बन्धि सूचना।**

**सूचना प्रकाशित मिति: २०७९/०५/०९**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको आ.ब. २०७९/८० को संघीय सशर्त कार्यक्रम अन्तर्गत कृषि स्नातक करार र एक पालिका एक भेटेरिनरी डाक्टर कार्यक्रमको लागि तपसिलको पदहरुमा देहायको संख्या र योग्यता भएका कर्मचारीहरु करारमा आवश्यक भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयभित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। यसको फाराम, दरखास्त दस्तुर, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालय वा वेबसाइट www.khandbarimun.gov.np बाट उपलब्ध हुनेछ।

**शैक्षिक योग्यता र अनुभव:**

| विज्ञापन नं. | सेवा करारमा लिने पद | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|
| ०२/०७९-८० | पशु चिकित्सक – १ जना | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको र परिषदमा दर्ता भएको। | |
| ०३/०७९-८० | कृषि स्नातक – १ जना | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको। | |

१. सेवाको किसिम : अस्थायी (करार सेवा)।

२. पारिश्रमिक तथा सेवा सुविधा : मासिक पारिश्रमिक अधिकृत छैठौं तहको सुरु स्केल सरह हुनेछ।

३. उमेर : २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ।

४. परीक्षाको किसिम : शैक्षिक योग्यताको आधारमा प्रारम्भिक योग्यताक्रम तथा अन्तर्वार्ता।
(प्रारम्भिक योग्यताक्रमबाट ४/४ जना आवेदक छनोट गरि अन्तर्वार्ता लिईनेछ/ प्रारम्भिक योग्यताक्रमको मापदण्ड छनोट समितीले निर्धारण गरे बमोजिम हुनेछ )

५. दरखास्तसाथ संलग्न हुनुपर्ने आवश्यक कागजातहरु:

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि।
- परिषद दर्ता प्रमाणपत्रको प्रतिलिपि (पशु चिकित्सकको हकमा)।

(पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयमले हस्ताक्षर गरि प्रमाणित गरेको हुनुपर्नेछ )

६. आवेदन शुल्क : रु. १,०००।- (एक हजार मात्र)

७. दरखास्तको ढाँचा : नगरकार्यपालिकाको कार्यालय प्रशासन/कृषि/पशु सेवा उपशाखा तथा www.khandbarimun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

८. करार सेवा अवधि : करार अवधि चालु आर्थिक वर्षको असार मसान्तसम्म मात्र हुनेछ।

९. दरखास्त दिने अन्तिम मिति : २०७९/०५/२३ गते कार्यालय समयभित्र।

१०. सम्पर्क मिति : २०७९/०५/२४ गते सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट।

.......................................
युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: आ.प्र- ०२९-५६०२५०, शिक्षा/आर्थिक- १२१, स्वास्थ्य- ४४१, प्र.प्र.अ- १४१, उपप्रमूख- ३४१, प्रमुख २५४
वेबसाइट: www.khandbarimun.gov.np ईमेल: khandbari.mun@gmail.com